लेखापरीक्षण प्रतिवेदन

नरहरीनाथ गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नरहरीनाथ गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/186

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,

नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/186

श्री अध्यक्षज्यू ,

नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

कालिकोट ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको आय व्ययतर्फ रु.१ अर्ब ३० करोड ९८ लाख ९४ हजारको लेखापरीक्षणबाट रु.९६ लाख ९२ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.१० लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२८ लाख ९२ हजार र नियमित गर्नुपर्ने रु. ५७ लाख ६५ हजार गरी जम्मा रु. ९६ लाख ९२ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु. १९ करोड ३७ लाख ९२ हजार रहेकोमा उक्त बेरुजु फर्स्योट नभई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. २० करोड ३४ लाख ८४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेश्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५८	१५	९६,९२,२४२	०	०	०	०	५८	१५	९६,९२,२४२	१०,३४,९९१	५७,६४,८८५	२८,९२,३६६	०	०	८६,५७,२५१	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कालिकोट	१९,३७,९२,२२७	०	०	१९,३७,९२,२२७	०	९६,९२,२४२	२०,३४,८४,४६९

नरहरीनाथ गाउँपालिका, कालिकोट

(८०६६५५०२३००)

नरहरिनाथ गाउँपालिका , कालिकोट

परिचय

१

(क) कार्यालय परिचयः- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेका छन् भने क्षेत्रफल १४३.८६वर्ग किलोमिटर तथा जनसंख्या २२४५८ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।०८ देखि २०८२।५।११ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ जम्मा रु.१३०९८९४१८३ (आयतर्फको जम्मा र व्ययतर्फको जम्मा रकमको कुल अंकमा शुरु तथा अन्तिम मौज्दात घटाएपश्चात प्राप्त हुन आउने अंक) को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १३३५००। असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	विभिन्न वडाका राजस्व दाखिला गर्न छुट रकम दाखिला गरेको ।	१३३५००

(झ) पालिकाको एकीकृत आर्थिक विवरण :- पालिकाको आर्थिक वर्ष २०८१।८२ को एकीकृत आर्थिक विवरण निम्न बमोजिम रहेको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरुमौज्दात		४४१५१४४०	चालुखर्च		३३२९१३११५
१.संचितकोष	२६६६६७१५		१.पालिका तर्फ	१४१५८५५९६	
२.धरौटी	६४७३०६३		२.संघीय सशर्त	१८९४८३५६९	
३.कार्यसञ्चालनकोष	११०११६६२		३.संघीय विशेष	०	
४.अन्य कोष	०		४.प्रदेश सशर्त	१८४३९५०	
यसवर्षको आय		६४७३६७१३०	५.प्रदेश विशेष	०	
१.आन्तरिकआय	३९१९३२७	३९१९३२७	पुँजीगतखर्च		१३७४१७०१२
२.वित्तीय हस्तान्तरण (संघ)		४३८१२६५३९	१.पालिका तर्फ	८८२३२४९१	
क)समानीकरण अनुदान	१०५९८२८००		२.संघीय सशर्त	९८५२८०	
ख)राजस्व बाँडफाँट	८७८४८२५३		३.संघीय विशेष	८७९८२७	
ग)सशर्त अनुदान	२३५९६१०००		४.संघीय समपुरक	७४५४६५९	
घ)समपुरक अनुदान	७४५४६५९		५.प्रदेश सशर्त	२१९२७४३९	
ङ)विशेष अनुदान	८७९८२७		६.प्रदेश विशेष	७६४९७५९	
च)रोयल्टी	०		७.प्रदेश समपुरक	१०२८७५५७	
छ)अन्य	०		अन्तरसरकारी अख्तियारी (संघ)		१२८९१६६९०
३.वित्तीय हस्तान्तरण (प्रदेश)		५७८१६६८३	क)सामाजिक सुरक्षा	१२११८८९४३	
क)समानीकरण अनुदान	१३७१६०००		ख)उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	६५८३५५	
ख)राजस्व बाँडफाँट	१०९८६६२		ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७०६९३९२	
ग)सशर्त अनुदान	२५०६४७०५		अन्तरसरकारी अख्तियारी (प्रदेश)		१०७००१२६
	०		क)आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४४६४०००	
	०		ख)सामाजिक विकास मन्त्रालय	६२३६१२६	
घ)समपुरक अनुदान	१०२८७५५७		ऋणफिर्ता(साँवा)		
ङ)विशेष अनुदान	७६४९७५९		ऋणकोब्याज भुक्तानी		
च)रोयल्टी	०		धरौटीफिर्ता तथा सदर स्याहा	२५७५१३६	२५७५१३६
छ)अन्य	०		कार्यसञ्चालनकोषबाट भएको खर्च	३२१९५०७	३२१९५०७
४. अन्तर सरकारी अख्तियारी (संघ)		१२८९१६६९०	अन्यकोषबाट भएको खर्च		
क)सामाजिक सुरक्षा	१२११८८९४३		गैरसरकारीसंस्थाबाट सञ्चालित योजना		

ख)उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	६५८३५५		अन्यसहयोगमा सञ्चालित योजना		
ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७०६९३९२		अन्यखर्च भएमा		
५.अन्तर सरकारी अख्तियारी (प्रदेश)		१०७००१२६	अनुदानफिर्ता		४६७८५४६७
क)आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४४६४०००				
ख)सामाजिक विकास मन्त्रालय	६२३६१२६				
६.ऋण/ **वित्तीय व्यवस्था**			१.संघ तर्फ		४५४९२१५१
७.धरौटी आय	७०५७०३५	७०५७०३५	क)सशर्त अनुदान	४५४९२१५१	
८. **कार्यसञ्चालन कोष आय**	८३०७३०	८३०७३०	ख)विशेष अनुदान		
९.अन्य कोषको आय			ग)समपुरक अनुदान		
१०. **गैरसरकारी संस्थाबाट सञ्चालित योजना**			२.प्रदेश तर्फ		१२९३३१६
११. **अन्य सहयोगमा प्राप्त सञ्चालित योजना**			क)सशर्त अनुदान	१२९३३१६	
१२. **अन्य आय भएमा**			ख)विशेष अनुदान		
			ग)समपुरक अनुदान		
			अन्तिममौज्दात		२८९९१५१७
			१.संचित कोषको मौज्दात	९४१३६७०	
			२.धरौटी	१०९५४९६२	
			३.कार्यसञ्चालनकोष	८६२२८८५	
			४.अन्यकोष	०	
जम्मा	६९१५१८५७०	६९१५१८५७०	जम्मा	६९१५१८५७०	६९१५१८५७०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।लेखापरीक्षणका क्रममा पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.सं./आर्थिक सङ्केत	विवरण	चालु आ.व.को कारोबार		गत आ.व. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व,अनुदान र अन्य प्राप्ति				
११०००	कर	८,९२,८५,४७९.१५	८,९२,८५,४७९.१५	४,९१,९६,६१९.४७	४,९१,९६,६१९.४७
१३०००	अनुदान	३६,०२,१०,८४०.३३	३६,०२,१०,८४०.३३	३५,८०,७२,४०६.२३	३५,८०,७२,४०६.२३
१४०००	अन्य राजस्व	२६,७३,५५२.२२	२६,७३,५५२.२२	१३,६८,८०६.३८	१३,६८,८०६.३८
१५०००	विविध प्राप्ति	५,१८,४२७.००	५,१८,४२७.००	०	०
क	कुल जम्मा प्राप्ति	४५,२६,८८,२९८.७०	४५,२६,८८,२९८.७०	४०,८६,३७,८३२.०८	४०,८६,३७,८३२.०८
३	चालु	३३,२७,६३,११४.९७	३३,२७,६३,११४.९७	३४,२२,२४,७३८.५९	३४,२२,२४,७३८.५९
२१०००	पारिश्रमिक / सुविधा	१९,३८,२१,५५९.८३	१९,३८,२१,५५९.८३	१८,४२,३७,७३४.३४	१८,४२,३७,७३४.३४
२२०००	मालसामान तथा सेवाको उपयोग	११,२४,२२,३८२.७०	११,२४,२२,३८२.७०	१२,७४,८२,००२.००	१२,७४,८२,००२.००
२५०००	सहायता (Subsidy)	६५,४२,६८६.००	६५,४२,६८६.००	१,३०,२५,६२३.००	१,३०,२५,६२३.००
२७०००	सामाजिक सुरक्षा	१,७१,०४,१३६.००	१,७१,०४,१३६.००	१,३३,३९,४२५.००	१,३३,३९,४२५.००
२८०००	अन्य खर्च	२८,७२,३५०.४४	२८,७२,३५०.४४	४१,३९,९५४.२५	४१,३९,९५४.२५
४	पूंजीगत	१३,७६,०६,५०६.००	१३,७६,०६,५०६.००	११,१९,७४,०९९.५७	११,१९,७४,०९९.५७
३१११०	भवन तथा संरचना	१,९०,६७,३५३.००	१,९०,६७,३५३.००	१,७५,२७,४५२.९३	१,७५,२७,४५२.९३
३११२०	सवारी साधन,मेशिनरी औजार,फर्निचर्स तथा फिक्चर्स	९०,७९,९२०.००	९०,७९,९२०.००	६५,२१,००८.६४	६५,२१,००८.६४
३११३०	अन्य पूँजीगत खर्च	९,०९,७००.००	९,०९,७००.००	३४,७१,१६१.००	३४,७१,१६१.००
३११५०	सार्वजनिक निर्माण	१०,५७,६३,३११.००	१०,५७,६३,३११.००	७,९७,३८,६०७.००	७,९७,३८,६०७.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	५,७२,५२३.००	५,७२,५२३.००	१५,६८,५७०.००	१५,६८,५७०.००
३११७०	पूँजीगत सुधार खर्च	२२,१३,६९९.००	२२,१३,६९९.००	२,८५,२००.००	२,८५,२००.००
३१४१०	जग्गाप्राप्ति खर्च	०	०	२८,६२,१००.००	२८,६२,१००.००
ख)	कुल जम्मा भुक्तानी	४७,०३,६९,६२०.९७	४७,०३,६९,६२०.९७	४५,४१,९८,८३८.१६	४५,४१,९८,८३८.१६
ग)	बचत /कमी (ग = क-ख)	(१,७६,८१,३२२.२७)	(१,७६,८१,३२२.२७)	(४,५५,६१,००६.०८)	(४,५५,६१,००६.०८)
घ)	धरौटी,**आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	२४,६९,२०५.३६	२४,६९,२०५.३६	१,७४,४२,५३५.३०	१,७४,४२,५३५.३०
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-५२,८२८.००	-५२,८२८.००	-१०,०३०.००	-१०,०३०.००

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(१,५२,१२,११६.९१)	(१,५२,१२,११६.९१)	(२,८१,१८,४७०.७८)	(२,८१,१८,४७०.७८)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	४,४१,५०,८०५.७६	४,४१,५०,८०५.७६	७,२२,६९,२७६.५४	७,२२,६९,२७६.५४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	२,८९,३८,६८८.८५	२,८९,३८,६८८.८५	४,४१,५०,८०५.७६	४,४१,५०,८०५.७६

२.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले संघतर्फको कार्यक्रम सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ११ लाख ८९ हजार, उच्च पहाडी एवं हिमाली क्षेत्र स्वारोजगार तथा आर्थिक सशक्तीकरण कार्यक्रमको रु.६ लाख ५८ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७० लाख ६९ हजार गरी कुल रु.१२ करोड ८९ लाख १७ हजार तथा प्रदेशतर्फको कार्यक्रम घाइते तथा अपाङ्ग र सहिद स्मृति भत्ता कार्यक्रमलगायतको रु. १ करोड ७ लाख समेत गरी रु. १३ करोड ९६ लाख १७ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६३४ यस वर्षको प्राप्ति रु.१९४६७८८३१ यस वर्षको भुक्तानी रु. ६५८३३६१९ र बैङ्क मौज्दात रु. ४४२०३६३४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गत वर्षको जिम्मेवारी**	**यस वर्षको प्राप्ति**	**यस वर्षको खर्च**	**मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)(क)	४४१५०८०६	४५२६८८२९९	४७०३६९६२१	(१५२१२११७)
एकीकृत आर्थिक विवरणअनुसार (ख)	४४१५१४४०	६४७३६७१३०	५३६२०३२४०	२८९९१५१७
फरक (ख)– (क)	६३४	१९४६७८८३१	६५८३३६१९	४४२०३६३४

२.३ कर दायित्व - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तथा सुत्रको म ले प फा न २०७ अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.५२८२८ दाखिला नगरी बाँकी देखाएको छ । यकिन भई सकेको निम्नानुसारका कर तथा दायित्व मध्ये रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

क्र.सं.	संकेत	शीर्षक	डेबिट	क्रेडिट	मौज्दात
१	२०२७	अग्रिम कर एकलौटी फर्म तथा व्यक्तिगत आय	१६,५८,३५०.१०	१६,६९,३९६.१०	(११,०४६.००)
२	११११२	पारिश्रमिक कर कट्टी	१९,६७,२४७.००	१९,६८,९१२.००	(१,६६५.००)
३	१११३१	बहाल कर -आ.रा.का.	५,८८,५१५.००	५,८९,९४५.००	(१,४३०.००)
४	२०२९	सामाजिक सुरक्षा कर	११,९९,८४६.८७	१२,११,३६०.८७	(११,५१४.००)
५	३३३१३	मु.अ.वस्तु बिक्री र वितरण	१४,६४,३०५.२०	१४,८८,३९२.२०	(२४,०८७.००)
६	२०३७	अन्य बहाल कर	२,९५०.००	५,९००.००	(२,९५०.००)
७	१११२४	अग्रिम कर,साझेदारी,सहकारी अन्य निकाय	३,८२,७९४.००	३,८२,९३०.००	(१३६.००)
जम्मा			7264008.17	7316835.30	(५२,८२८.००)

प्रमाण पेश नगरेको	५२,८२८

३ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम,कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकाले यस आ व पञ्जीकरणतर्फ तथा घरनक्सा दर्ता पास प्रवाह गरेको सेवा प्रवाहको स्थिति देहाय बमोजिमको रहेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सहज,सरल र प्रभावकारी ढंगले प्रवाह गर्दै त्यसको सबै प्रकृतिका सेवा प्रवाहको अवस्था देखिने गरी व्यवस्थित अभिलेखीकरण समेत गर्नुपर्दछ ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
जन्मदर्ता	११८३	११८३
मृत्युदर्ता	१९५	१९५
बसाईसराई दर्ता	११	११
विवाह दर्ता	१८८	१८८
सम्बन्धविच्छेद दर्ता	५	५
घरनक्सा दर्ता पास	०	०

४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१०८३३०००	७७३९३४५	१.६४
२	पूर्वाधार विकास	१५८७२१७००	१२०४६२३१९	८५.१६
३	सामाजिक विकास	२३७६८२०००	१९३६२६२५९	४१.१६
४	संस्थागत विकास सेवा प्रवाह र सुशासन	७५७९०००	७०८१८८८	१.५
५	कार्यालय संचालन तथा प्रशासनिक	१५६६१५५०७	१४१४५९८१०	३०
	जम्मा	५७१४३१२०७	४७०३६९६२१	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास क्षेत्रतर्फ २३ करोड ७६ लाख ८२ हजार र सबैभन्दा कम संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्रमा रु ७५ लाख ७९ हजार बजेट विनियोजन गरेको छ । बजेटको तुलनामा कुल खर्च ८२.३१ प्रतिशत भएको देखिन्छ भने कुल खर्चको तुलनामा सबैभन्दा बढी ८५.१६ प्रतिशत पूर्वाधार विकास खर्च तर्फ भएको छ । पूर्वाधार क्षेत्रमा खर्च प्रतिशत बढी देखिनु राम्रो भए तापनि पालिकाको एकीकृत, समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा प्राथमिकता तोकी पर्याप्त बजेट विनियोजन गरी ठोस प्रतिफल प्राप्त हुने क्षेत्रहरुमा प्राथमिकताका साथ बजेट विनियोजन र खर्च गर्नुपर्दछ ।

५ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकासँग त्रैमासिक खर्चको विवरण माग गरिएकोमा पालिकाबाट चौमासिक विवरण मात्र प्राप्त भएको छ । उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र. सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	३३२७६३११५	६६९४६८०२	८३४२३६२५	१८२३९२६८८	१०१४९७८०२
२	पुँजीगत खर्चतर्फ	१३७६०६५०६	२९४९६७५	२१७३९५४३	११२९१७२८८	६८६२४७३५
३	**जम्मा**	४७०३६९६२१	६९८९६४७७	१०५१६३१६८	२९५३०९९७६	१७०१२२५३७
४	**कुल खर्चको तुलनामा खर्च प्रतिशत**		**१४.८५**	२२.३५	६२.८५	३६.१६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष रु. ४७ करोड ३ लाख ७० हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. ६ करोड ९९ लाख (१५ प्रतिशत), दोस्रो चौमासिकमा रु.१० करोड ५२ लाख (२२ प्रतिशत) र तेस्रो चौमासिकमा रु.२९ करोड ५३ लाख (६३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१७ करोड १ लाख (३६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले मिति २०८१।०३।०९मा रु.५७ करोड १८ लाख १७ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **बजेट अबण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष चालुतर्फ बेशाहारा नागरिक संग अध्यक्ष कार्यक्रम नामको शीर्षक राखी रु.४ लाख विनियोजन तथा रु.३९७०१६ खर्च लेखेको छ भने त्यस्तै कृषक संग उपाध्क्ष कार्यक्रम खर्च नामको शीर्षक राखी रु.२० लाख विनियोजन गरी रु.१९२८८०० रकम खर्च गरेको देखिन्छ । बजेट अबण्डामा राखी अध्यक्ष/उपाध्यक्षको तोकादेश वा कार्यपालिका निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । यसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

९ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको खरिद तथा मौज्दात रहेका सामानको पुर्ण रुपमा Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१० **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन सञ्चालित सबै कार्यक्रमहरुको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य केही कार्यक्रमका हकमा मात्र भएको पाइयो । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबर्धन गर्नु पर्दछ।

११ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाइएन ।

• दिगो विकास लक्ष्य पूरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।

•भ्रमण खर्च नियमावली, २०६४मा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिई प्रतिवेदनका व्यहोरा कार्यान्वियन गर्ने गरेको देखिएन ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेस गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखीकरण गरेको देखिएन ।

• निर्माण कार्य अधुरो समयमै सम्पन्न नगरी अधुरो छोड्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने लेखी पठाई कार्यसम्पादन जमानत जफत गर्नुपर्नेमा सो नगरी पुन: अर्को निर्माण कार्यमा सहभागी गराएको देखियो । यस सम्बन्धमा कार्यपालिका तथा गाउँसभामा निर्णय भएकोमा समेत सोको पालना गर्ने गरेको देखिएन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भए नभएको सम्बन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट यातायात गुरुयोजना लगायत विभिन्न प्रतिवेदन तयार गरेकोमा सोलाई कार्यान्वियन अवस्थासँग आबद्ध गरेको देखिएन ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले अन्तरसरकारी अख्तियारीतर्फको बाहेक यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१३ **कानून निर्माण तथा न्यायिक निरुपण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० ऐन २ नियमावली र ४० कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । त्यस्तै पालिकाको न्यायिक समितिमा परेका उजुरी विवाद कारबाही किनारा गरी टुङ्गो लगाउन गत वर्षदेखि ११ विवाद बाँकी रहेकामा यो वर्ष ७ विवाद दर्ता भई हालसम्म १० विवाद फर्स्यौट भै ८ वटा उजुरी फर्स्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी समयमा टुङ्गो लगाउनुपर्दछ ।

१४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक

महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेस भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१५ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ ।राष्ट्रिय योजना आयोगको स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनोट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका समेत कुल १४३ योजनामा बजेट खर्च गरेको छ।

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि ५ लाखसम्म	रु ५लाख देखि २० लाखसम्मका	२० लाख भन्दा बढी	जम्मा
वडा स्तरीय	२६	४४	०	०	७०
गा.पा. स्तरीय	२	२९	१८	२४	७३

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरसमेत कायम गर्न कठिन हुन सक्ने देखिएको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी प्रभावकारी ढंगले योजना कार्यान्वयन गर्नुपर्दछ ।

१६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. ८६६२००० बाँकी रहेको देखिन्छ ।सुत्रमा बाँकी देखिएको श्री नन्दमाता /चिरन्जिवि जे. भि. को मोबिलाइजेसन पेस्की सम्बन्धमा आर्थिक वर्षको अन्तिम दिनभन्दा बढी म्याद भएका अग्रीम भुक्तानी जमानत पेस भएकाले समग्रमा म्याद नाघेको पेश्की रहेको देखिएन ।

(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१७ **राजस्व बाँडफाँड**

पालिकामा यस वर्ष राजस्व बाँडफाँडबाट रु.८८९४६९१५, अनुदानबाट रु. ४०६९९६३०७ गतवर्षको मौज्दात सहित आन्तरिक श्रोतबाट रु.४८०७०७६७ समेत रु.५४४०१३९८९ आम्दानी भएकोमा चालुतर्फ रु. ३३२९१३११५ र पुँजीगततर्फ रु.१३७४१७०१२ गरी जम्मा रु. ४७०३३०१२७ खर्च भएको छ । पालिकाको यस वर्षको कुल आन्तरिक आय रु. ३९१९३२७ ले कुल चालु खर्चको १.२ प्रतिशत वा कुल पुँजीगत खर्चको २.८ प्रतिशत मात्र धान्न सकेको अवस्था देखिन्छ । तसर्थ पालिकाले प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा पुँजी विकासका लागि परिचालन गरी आयको दीगो श्रोत निर्माणमा ध्यान दिनुपर्दछ ।

१८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ विभिन्न शीर्षकबाट रु.२५ लाख आन्तरिक आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा मालपोत, बहाल कर, सिफारिस दस्तुर,

अन्य दस्तुर, व्यवसाय कर लगायतबाट रु.३९१९३२७ अर्थात अनुमानको १५६.७७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका संभाव्य स्रोतहरुको समेत पहिचान गरी आयको यर्थाथपरक अनुमान बनाई योजनाबद्ध तरिकाले पालिकाको आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	प्राप्तिकोश्रोत	वार्षिक अनुमानितआय	आम्दानी	आम्दानी प्रतिशतअनुमानको तुलनामा
१	११३१३ - सम्पति कर	०	२,८१७.४	
२	११३१४ - भूमिकर/मालपोत	५१००००	४६११४०	९०.४१
३	११३१७ - वहाल कर	१०००००	६७०६६	६७.८०
४	१४६११ - व्यवसाय कर	१००००००	४२५००	४३
	अन्य कर	१७९००००	३३४८६२१	१८७

सुत्र सफ्टवेयरको आयव्यय विवरण र राजस्व संकलन विवरण फरक फरक रहेको, पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायारामा ल्याउँदै राजस्वको हिसाव व्यवस्थित गर्नुपर्दछ ।

२० आय विश्लेषण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च रु हजारमा	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
संघः ३५०१७२७८६	३९१९३२७	१.१२
प्रदेशः ५५४२४७०५		७.०७
४०५५९७४९१	३९१९३२७	०.९७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.४३५६० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२२ रसिद नियन्त्रण

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र सोहि ऐनको दफा ३१ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले गत विगतका वाकी रसिद यो बर्षका रसिद सम्वन्धि स्पष्ट अभिलेख नराखेको देखियो। पालिकाले व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता नराखेकाले प्रयोग भएको नगदी रसिदबाट राजश्व संकलन तथा दाखिला सम्बन्धमा यकिन गर्न सकिएन। राजश्व असुलीमा प्रयोग हुने ठेली रसिद नियन्त्रण खातामा प्रबिष्ट पश्चात प्रयोग गर्ने व्यवस्थाको कार्यान्वयन गर्दै राजस्व असुलि र दाखिलालाई यथार्थपरक बनाउन ध्यानदिनुपर्दे देखिन्छ। आ.व २०८१।८२ मा निम्न ठेलीहरु वुझिलिएको तर हाल सम्म पनि फिर्ता नभएकोले उक्त ठेलीहरुवाट उठेको राजश्व रकम एकिन गरी कानुन बमोजिम ढिलो वुझाउदा लगाउने जरिवाना सहित असुल गराई संचित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ।

वुझाउन वाँकी रसिद	वुझिलिनेको नाम	शाखा
८५१-९००	उदयराम विष्ट	१ नं वडा सचिव
४१५१-४२००	उदयराम विष्ट	१ नं वडा सचिव
४८०१-४८५०	जगत बहादुर बिष्ट	१ नं वडा अध्यक्ष
४७०१-४७५०	उदयराम विष्ट	१ नं वडा सचिव
३२०१-३२५०	धन बहादुर शाही	सचिवालय उपाध्यक्ष
४४५१-४५००	सुरेश वि.क	वडा नं ९ कार्यालय सहयोगी
४४०१-४४५०	प्रदिप वोहोरा	वडा नं ९ वडा अध्यक्ष
३९५१-४०००	अमृता वुढा	नागरिक आरोग्य सेवा केन्द्र

२३ **खर्च पुष्ट्याइँ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा भौचरहरुको नमुना छनौट गर्दा पालिकाले निम्न भौचरमा प्रयोजन नखुलाई खर्च गरेकोमा यस्ता खर्चको नियन्त्रण हुनुपर्दछ।

गो भौ नं	वापत	रकम	कैफियत
३५/२०८१।०६।१७	खाना/नास्ता	२०६५५	पान विल ५ वटा
२४७/२०८१।०९।०७	खाना/खाजा/नास्ता	१७००७५	स्विसवे होटल एण्ड रेस्टुरेन्स लाई भुक्तानी
२५२/२०८१।०९।०८	खाजा/नास्ता	६३०७०	रमित जनरल स्टोर
२९१/२०८१।०९।११	खाजा/नास्ता	३००००	श्रदय होटल
३५८/२०८१।१०।२०	खाजा/नास्ता	२९५५०	श्रदय होटल
९८७।२०८२।०३।२१	खाजा नास्ता खर्च दाल चामल खरिद	६६०००	रमित जनरल स्टोर
जम्मा रकम		३७९३५०	

२४ **गाउँसभा सञ्चालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार

भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो बर्ष सभा सञ्चालन खर्च बापत कुल रु१९२०२० खर्च गरेको छ।

२५ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी गाउपालिका चालु तर्फ भ्रमण खर्च शिर्षकमा रु. १९७०९३० खर्च लेखेको छ ।कतिपय भ्रमण खर्चमा भ्रमण प्रतिवेदन समावेश गरेतापनि त्यस्तो प्रतिवेदनमा भ्रमणको उद्देश्य र सो बमोजिम प्राप्त उपलब्धी जस्ता बिषयबस्तु समावेश नगरी केबल अवधि र स्थानमात्र उल्लेख गर्ने गरेको पाइयो । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२६ **गाडी भाडा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु, प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता बिषयहरुलाई बिचार पुर्याउनुपर्ने उल्लेख छ । तर पालिकाले यो बर्ष सवारी साधन तथा मेशिनर औजार भाडा शिर्षकमा कार्यालय प्रयोजनको लागि रु ९९९७५४ खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी सिधै सवारी साधन मालिकसँग सम्झौता गरेको पाइयो ।

२७ **तलवी प्रतिवेदन**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ मा तलवि प्रतिवेदन पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा ७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ । यस वर्ष कार्यालयले कर्मचारी पारिश्रमिक, पोशाक, स्थानिय र महगिं भत्ता शिर्षकमा रु.१९१७३०७७ र करार सेवा शुल्कमा रु २७३९९१३२ खर्च लेखेकोमा गाउसभाबाट वा सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित भएको देखिएन । तलबी प्रतिवेदन वा विवरण नहुँदा खर्च लेखिएको तलब स्केल र ग्रेडको यथार्थता भिडान गर्न सकिएन । यस सम्बन्धी व्यहोरा बिगत बर्षहरुको प्रतिवेदनमा पनि औल्याइएको भएतापनि स्थिति यथावत रहेको पाइयो ।उल्लिखित कमजोरीमा तत्काल सुधार हुनुपर्दछ ।

२८ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ ।त्यस्तै नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मत शिर्षकमा रु २५८९७०० खर्च लेखेको छ । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२९ **सचिवालय सहायक**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । गाउपालिकाले उक्त व्यवस्था विपरित देहायको सचिवालय सहायक कर्मचारी नियुक्त गरि बार्षिक रु.१०२१०९१ तलब भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु

कर्मचारीको नाम	बार्षिक भुक्तानी रकम (चाडपर्ब समेत)	कैफियत
प्रकाश बिष्ट	६२८१८१	तलव भत्ता चाडपर्व समेत
धन बहादुर शाही	३९२९१०	तलव भत्ता चाडपर्व समेत
जम्मा	१०२१०९१	

अनियमित भएको	१०,२१,०९१

३० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा दरबन्दी एकिन गरेको पाइएन । त्यस्तै गाउँसभाले पदहरुको विवरण सहित संख्या एकिन गरेर दरबन्दी एकिन नगरी सेवा करारका माध्यमबाट कार्यहरु गर्न विद्यमान जनशक्तिबाट सम्भव नहुने भएमा आवश्यकता अनुसार सेवा करारका माध्यमबाट सेवा लिन कार्यपालिकालाई निर्देशन दिने भनी निर्णय गरेको देखिन्छ । सोही निर्णयको आधारमा पालिकाले गाउपालिका स्थायी तर्फ २७ जनासम्म र करारमा ३० जना तलब भत्ता खर्च लेख्दै आएको पाइयो ।त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था भएतापनि पालिकाले चार जना प्रशासन सहायक, एक जना अमिन, र दुई जना सचिवालय सहायक जस्ता पदमा समेत करार नियुक्ति गरी तलब भत्ता खर्च लेखेको छ । कार्य परिमाण, कार्यबोझ तथा कार्यविश्लेषणको आधारमा संख्या एकिन गरेर गाउँसभाबाट स्वीकृत नगरी कर्मचारी करार नियुक्ती तथा ज्यालादारीबाट जनशक्ति परिचालन गर्नु उचित देखिएन । उल्लिखित कमजोरी समयमै सुधार हुनुपर्दछ ।

३१ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १८७९ जना रहेका छन। पालिकाले राधा मेडिसिन डिस्ट्रिव्यूटरबाट प्रति प्याड २३.७३ का दरले ५०००० थान स्यानिटरी प्याड रु ११८६५०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले विद्यालयमा गत विगतमा के कति मौज्दात वाँकी रहेको र हाल विद्यालयलाई कति आवश्यक पर्दछ एकीन गरेर मात्र स्यानिटरी प्याड खरिद गर्नुपर्ने देखिन्छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। साथै खरिद गरी वितरण गरिएका प्याडहरु विद्यालयमा भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखे नराखेको अनुगमन गरेको पाइएन।

३२ **निशुल्क औषधी वितरण**

३२.१ पालिकाले यस वर्ष शशर्त अनुदानमा बिभिन्न ३ फर्म बाट सोझै रु.१९३८२४१ तथा गाउँपालिका चालुबाट E-bid को माध्यमबाट रु.१४६६२२५। समेत रु. ३४०४४६६ मुल्यको औषधी तथा स्वास्थ्य उपकरण खरिद गरी पालीका भित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरी पठाएको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले खरिद गरिएको औषधिमा नि:शुल्क वितरण गरिने छाप लगाएको पाईएन । पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।

भौ.नं./मिति	फर्मको नाम	विबरण	लागत अनुमान	कबोल रकम	कार्यसम्पन्न रकम	भुक्तानी रकम
५७६-०८१-१२-१०,१०५७-०८२-३-२२	राधा मेडिसिन डिष्ट्रिब्युटर्स	E-bid को माध्यम	४२८५४२४	१९८५९०५	१४६६२२५	१४६६२२५
३८-०८१-६-२०(संघ चालु)	झरना मेडिसिन सप्लायर्स	सोझै	नभएको	७३६६७०	७३६६७०	७३६६७०
४०९-०८१-११-०२(संघ चालु)	आरभ मेडिको फार्म	सोझै	नभएको	६७८०२१	६७८०२१	६७८०२१
११८-०८१-८-०६(संघ चालु)	राधा मेडिसिन डिष्ट्रिब्युटर्स	सोझै	नभएको	५२३५५०	५२३५५०	५२३५५०
जम्मा						**३४०४४६६**

यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्

३२.२ सोझै खरिदः पालिकाले गत बर्षको खरिद दरलाई आधार लिई लागत अनुमान तयार गर्दा समेत ५३.६५ प्रतिशत घटि कबोल भएको अबस्था देखिन्छ । कार्यालयले उल्लेखित कानुनी ब्यबस्थाको पालना बेगर लागत अनुमान समेत तयार नगरी कोटेशनको आधारमा औषधी तथा सर्जिकल सामाग्री खरिद गरी रु.१९३८२४१ खर्च गरेको छ । कानुनको पालना गरी खरिद कार्य गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

भौ.नं./मिति	फर्मको नाम	विबरण	लागत अनुमान	कबोल रकम	कार्यसम्पन्न रकम	भुक्तानी रकम
३८-०८१-६-२०(संघ चालु)	झरना मेडिसिन सप्लायर्स	सोझै	नभएको	७३६६७०	७३६६७०	७३६६७०
४०९-०८१-११-०२(संघ चालु)	आरभ मेडिको फार्म	सोझै	नभएको	६७८०२१	६७८०२१	६७८०२१
११८-०८१-८-०६(संघ चालु)	राधा मेडिसिन डिष्ट्रिब्युटर्स	सोझै	नभएको	५२३५५०	५२३५५०	५२३५५०
जम्मा						**१९३८२४१**

३२.३ समयमा औषधी सप्लाई नगरेकोः पालिकाले गत बर्षको औषधी खरिदको दरलाई आधार बनाई रु.४२८५४२४ को १६० आईटम का औषधी तथा सर्जिकल सामाग्री खरिद गर्न ई-बिडिङ्ग गरेकोमा सबै भन्दा कम रु. १९८५९०५ कबोल गर्ने राधा मेडिसिन डिष्ट्रिब्युटर्स लाई रा.बा.बै लि. बिरेन्द्रनगरको कार्यसम्पादन जमानत ७४००००। को लिई मिति २०८१-१०-२५ सम्म मानान सप्लाई गर्ने गरी मिति २०८१-९-११ मा सम्झौता गरेकोमा फर्मले सामान सप्लाई नगरी मिति २०८२-३-२४ सम्म म्याद थप गर्दा समेत रु. १४६६२२५ को औषधी तथा सर्जिकल सामाग्री सप्लाई गरी रु. ५१९६८०। को सामान सप्लाई गरेको छैन । अत सार्बजनिक खरिद ऐन नियमावली बमोजिम कानुनी प्रकृया पुरा खरिद कार्य प्रभाबकारी भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,१९,६८०

३३ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा को लागी गोश्वारा भौचर नम्बर २६५-०८२-३-१७ मा काक्रेबिहार सर्जिकल बाट न्यानो झोला ३३० थान प्रतिथान रु. ९९४.४ को दरले खरिद गरी रु.२९८३२०। खर्च गरेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक

तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३४ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३५ **शैक्षिक तथ्यांक**

गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित आ.ब.२०८१/८२ को कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ ।विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS) २०८१ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउन पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।

३६ **विद्यालय व्यवस्थापन अनुदान**

कार्यान्वयन पुस्तिका २०८१।८२ बमोजिम यस पालिका १८ विद्यालयलाई सार्वजनिक परीक्षण, वित्तिय लेखापरीक्षण, एस आई पि निर्माण, ईन्टरनेट बापत अनुदान दिएकोमा सामुदायिक विधालयहरुले पारदर्शिता र जवाफदेहिता सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन साथै विद्यालयले एस आई पि निर्माण, ईन्टरनेट जडान, वित्तिय लेखापरीक्षण नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

३७ **शैक्षिक प्रतिवेदन**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ ।पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।

३८ **कार्यालय सम्बन्धी खर्च**

कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मिक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु. ३२१३०१५ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ।

३९ मेला महोत्सव तथा चाडपर्व खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पर्व, जात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । पालिकाले यस वर्ष पालिका तथा वडा स्तरीय मेला तथा साँस्कृतिक प्रकृतिका कार्य सभाबाट बजेट विनियोजन गरि खर्च गरेको छ ।यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ ।

गो भौ नं/ मिति	कार्यक्रम	रकम
३६३/२०८१।१०।२१	पुष्पाञ्जली शरद मेला व्यवस्थापन कार्यक्रम	२५०००००
५४६/२०८१।१२।०८	वडा नं ८ को मेला तथा महोत्सव व्यवस्थापन	१०००००
५६८/२०८१।१२।१०	दशैं मेला व्यवस्थापन	९९०००
८८९/२०८२।०३।१७	पुष्पाञ्जली शरदमेला व्यवस्थापन	
१०८२/०८२।०३।२३	वडा नं १ मा जात्रा सञ्चालन	६००००

४० धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण/कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने उल्लेख छ ।तर पालिकाले निम्न निर्माण व्यावसायीलाई मु.अ.कर समायोजन पेश गरे वेगर धरौटी फिर्ता गरेको पाईयो कर मु.अ.कर समायोजन वेगर भुक्तानी भएको रकम रु. १९६३७६ नियमित हुनुपर्ने देखिन्छ।

गो.भौ।मिति	**भुक्तानी पाउनेको नाम**	**स्थायी ले.नं.**	**रकम**
९६।२०८१।०९।१२	सत्यवती निर्माण सेवा	६०५७३४६१६	१९६३७६

अनियमित भएको	१,९६,३७६

४१ आर्थिक सहायता

कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले खास प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएको भएतापनि पालिकाले विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायताको लागि उद्दार, राहत तथा पुनर्स्थापना शिर्षकबाट रु १०,७२,२७० र अन्य सामाजिक सहायता शिर्षकमा रु ४,९७,००० गरी कुल रु १५६९२७० आर्थिक सहायता बितरण गरेको छ । उल्लिखित कमजोरीमा सुधार गर्दै यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।

४२ ल्यापटप

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकाबाट प्राप्त बिबरण अनुसार निम्नानुसार पुर्ब करार कर्मचारी हरुलाई सेवा बाट हटाउदा निज हरु संग जिम्मा रहेको देखिएको छ । ल्यापटप फिर्ता नगरी निज पुर्ब कर्मचारी संगै रहेकोले अबिलम्ब फिर्ता लिई जिन्सी सामानको संरक्षण गरी उचित प्रयोग गर्नुपर्ने देखिन्छ ।

पद नाम	ठेगाना	सामानको बिबरण	स्पेशिफिकेशन	संख्या
सब-इन्जिनियर अंख बहादुर बुढा	नरहरिनाथ-३ कुमालगाउँ	ल्यापटप	Dell I5, 14inch	१
सब-इन्जिनियर जिबन बुढा	नरहरिनाथ-४ गोठी	ल्यापटप	Dell I5, 14inch	१
सब-इन्जिनियर अमर शाही	खाडाचक्र न.पा-२ मान्मा	ल्यापटप	Dell I5, 14inch	१
सब-इन्जिनियर अनिल बिष्ट	नरहरिनाथ-८ लालु	ल्यापटप	HP	१
सब-इन्जिनियर बिरेन्द्र बहादुर बिष्ट	नरहरिनाथ-९ लालु	ल्यापटप	Dell I5	१

४३ **सामान जडान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । साथै सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर ३-०८२-३-२४(सामाजिक बिकास मन्त्रालय) बाट Procurement and Installation of ICT for Nanda Devi secondary को लागी बि आर एन सप्लायर्स बाट २६ आईटमका सामाग्री बोलपत्रको माध्यमबाट खरिद गरी रु.४०६३४८० खर्च गरेको मध्ये सम्पुर्ण कार्य सम्पन्न नभएकोले रु. १००६८८० धरौटि कट्टा गरी रु.३०५६६००। फर्मलाई भुक्तानी गरेको छ । फर्म संग भएको सम्झौता तथा स्पेशीफोकेशन बमोजिमको सामान जडान भएको प्रमाण खर्च साथ संलग्न छैन । खरिद भएका सामान स्पेशिफिकेशन बमोजिम भएको र आई सि टि ल्याब जडान तथा संचालन भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,०६,८८०

४४ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा एउटा सानो र एउटा ठूलो गरी २ वटा एक्साभेटर र एउटा एम्बुलेन्स रहेको जानकारीमा आयो । उक्त एक्साभेटर र एम्बुलेन्समा भएको इन्धन, मर्मत लगायत अन्य खर्चको स्पष्ट अभिलेख राखिएको छैन् । एक्साभेटर पालिका आफैले तथा भाडामा सञ्चालन गरेकोमा सो सम्बन्धी कुनै कार्यविधि तयार गरेको पाइएन । मेशिनहरु पालिकाका पदाधिकारी तथा कर्मचारीको मौखिक निर्देशनमा समेत सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च	वचत
१.	एक्साभेटर थान दुइ	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
२.	एम्बुलेन्स	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको

४५ **यान्त्रिक उपकरणको भाडादर**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (२) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स प्रयोग गरी निर्धारण गर्नुपर्दछ । पालिकाले निम्नानुसारको ठेक्कामा सडक निर्माण कार्य गर्दा सडक विभाग यान्त्रिक महाशाखाको मिति २०७७।१२।३१ मा स्वीकृत भएको Norms/rate of plant and machinery for estimating Guideline प्रयोग गरी यान्त्रिक उपकरणको भाडादर निर्धारण नगरी मिति २०७५।१०।१८ मा स्वीकृत भएको Guideline for Estimating Equipment ownership and operating costs अनुसारको दर प्रयोग गरी लागत अनुमान तयार गर्दा (डोजर ,स्काभेटर,लोडर लगायत मेशिनरी सामानको दर बढि

प्रयोग हुदा) निम्नानुसारका ठेक्कामा बढी लागत अनुमान तयार हुन पुगेको पाइयो । लागत अनुमान बास्तबिकताको आधारमा तयार गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

पालिकाले यस बर्ष ठेक्का बन्दोबस्त गरेका मध्ये स्वीकृत भएको Guideline भन्दा पुरानो Guideline प्रयोग गरी लागत अनुमान बढि तयार भएका ठेक्काका उदाहरण देहायबमोजिम छन् ।

ठेक्का नं	**कार्य**	**फर्मको नाम**	**सुरु लागत अनुमान**	**हुनुपर्ने लागत अनुमान**	**फरक लागत अनुमान**	**कबोल अंक**
०३-०८१-८२	सडक कटिङ्ग तथा ग्याबियन कार्य	एस.के.डि कन्स्ट्रक्सन	७००००००	५७०८०९०	१२९१९१०	४४८५०००
०४-०८१-८२	सडक कटिङ्ग तथा ग्याबियन कार्य	गुरा डि.एस.बि जे.भि	२१००००००	१६४४०१४०	४५५९८६०	१४८७५७३८

कार्यालयको भनाईः सडक बिभागको उल्लेखित मिति भन्दा अगाडीको परिपत्र बमोजिमको पुरानो भाडा दर प्रयोग हुन गएको, पालिकाले उल्लेखित कार्य गर्दा भाडा दर प्रयोग भएता पनी सडक बिभागको नम्शको सेक्सन नम्बर ९०० मा भएको ब्यबस्था मा हार्ड रक कटिङ्ग कार्य गर्दा सो बाट निस्किएको मेटिरियल ५० % खपत हुने मानी सो सामान प्रयोग हुने गरी स्टक्चरको कार्य भएमा सो रकम घटाउने ब्यबस्था भएकोमा उल्लेखित कार्यमा स्टक्चरको कार्य हार्ड रक कटिङ्ग को १० प्रतिशत समेत नभएकोमा समग्रमा रेट कम गर्न ५० प्रतिशत प्रयोग हुने देखाई सो अनुसार दरमा कम गरिएकोले स्काभेटरको दर बढि देखिएता पनी प्रति धनमिटर दर ब्यालेन्स हुन गई लागत अनुमानमा बास्तबिक हुने भन्दा कम नै देखिएकोले सो अनुसार कार्य गरेको कार्यालयको भनाई रहेको छ ।

४६ परामर्श सेवा

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले यो बर्ष निम्नानुसारको परामर्श सेवामा रु.१९७५१०२। खर्च गरेको छ । उक्त खर्चबाट प्राप्त प्रतिवेदनहरु कार्यान्वयनमा गएको सुनिश्चित गर्नुपर्दछ । यस्ता प्रकृतिका अध्ययन प्रतिवेदनहरु सकेसम्म आफ्नै जनशक्ति प्रयोग गरी कार्य गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

भौ.नं./मिति	**फर्मको नाम**	**कामको विवरण**	**रकम**
३७०-०८२-३-२४	सोलिड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि	१५ सैया अस्पतालको डिपिआर तयारी कार्य	१९७५१०२

४७ खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(1) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति चालु रहेका लागत अनुमान देखि भुक्तानी सम्म प्रयोग हुने ठेक्का सम्झौता लागयत फाइल खडा गरी कम्तीमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनसार यस वर्ष लागेका तथा बिगत बर्षमा भएका ठेक्का बन्दोबस्तका छुट्टै फाइल खडा गरी राखेको छैन । लेखापरीक्षणको क्रममा यस वर्ष ठेक्का बन्दोबस्त भइ केही सम्पन्न भएका तथा अधिकांश ठेक्का चालु रहेका फाइलहरुको ठेक्का फाइल, विड डकुमेन्ट सम्झौता लगायत विवरण प्राप्त नभएकोले सो सम्बन्धी खर्च यकिन तथा परीक्षण गर्न सकिएन ।

४८ खरिद सीमा

सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) मा सोझै खरिद सम्वन्धी व्यवस्थामा सार्वजनिक निकायले १० लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको छ । नियम १ (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमाभन्दा बढी रकमको एउटै व्यक्ती. फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले क्वीक कम्प्युटर सोलुसनबाट एकै प्रकृतिको कामका लागि दुई पटक खरिद गरी रु. १३८१३३० खर्च गरेको देखिन्छ। यसरी एकै प्रकृतिको कार्यलाई टुक्रा टुका बनाई कानुनको पालना नगरी खर्च गरेको रकम अनियमित देखिएको रु.

भौ.नं.	विवरण	रकम
६-०८१-६-१७	कम्प्युटर मेशिनरी सामान	७४७०४३
९७-०८१-१२-०६	कम्प्युटर मेशिनरी सामान	६३४२८७
	जम्मा	१३८१३३०

अनियमित भएको	१३,८१,३३०

४९ **ओभरहेड**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने र उल्लेखित लागत अनुमानमा ओभरहेड राख्न मिल्ने अबस्था देखिदैन । कार्यालयले निम्नानुसार सामान खरिद कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड राखी रु.१३०२३७ । ओभरहेड भूक्तानी भएको छ । ओभरहेड बापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

भौ नं मिति	फर्मको नाम	कामको विवरण	लागत अनुमान	भुक्तानी रकम	ओभरहेह रकम(मू.अ.कर समेत)
८-०८१-६-१८	अनरुपा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि	विपत जन्य सामाग्री (ग्यायबिन जाली,जस्ता पाता)	९९९२१५	९९८४९०	१३०२३७

असुल गर्नुपर्ने	१,३०,२३७

५० **उपभोक्ता समिति परिचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा देखिएका केही व्यहोराहरु निम्नानुसार छनः

• आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको,

• लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको,

• लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको,

• पालिकाको उपभोक्ता समिति परिचालनमा देखिएका उपर्युक्त कमजोरीहरु समयमै सुधार गरी आयोजना कार्यान्वियनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

५१ **ठेक्का नम्बर ०१-०८१-८२**

कार्यालयले पालिकाको देखी वडा नम्बर ४ र ५ जोड्ने सडक निर्माण कार्य गर्नका लागी रु.२४७२००९४। को लागत अनुमान तयार गरी १ मात्र बोलपत्रदाताले कार्यालयमा बोलपत्र पेश गरी रु. २२८३०१२९। कबोक गर्ने(लागत को तुलनामा ७.६५% घटि) श्री नन।दामाता- चिरन्जिवी जे.भि लाई मिति २०८१-८-२५ मा सम्झौता गरी मिति २०८२-११-३० गत्ते सम्पन्न गर्ने गरी कार्य गर्न दिएकोमाप्रथम रनिङ्ग बिल रु. ५२८२०००। र मोबिलाईजेशन पेश्की रु. ४५७०००० समेत रु. ९८५२०००। खर्च गरेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् ।

व्ययभारः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेट कायम गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उल्लेखित कानुनी ब्यबस्था अनुसार कालिकोट जिल्ला दररेट समितिले भाडामा लिईने मेशिन उपकरण सडक विभागले जारी गरेको दररेट लाई आधार लिने उल्लेख गरेको देखिन्छ । सडक विभागले इन्धन, विद्युत र श्रमिकको ज्याला थप गर्दा भाडाको प्रतिघण्टा दररेट कायम हुने गरी मिति २०७७-१२-३१ च.न ५०१-०७७।७८ मा Rate of plant and machinery for estimating Guideline जारी गरेको छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार नगरी सडकको बाटो कटिङ्ग कार्यमा प्रयोग हुने भाडाको रकम निम्नानुसार राख्दा यस वर्ष सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा मेशिन प्रयोग भएका निम्नानुसार आईटममा मेशिनभाडाको कारंणले मात्रा निम्नानुसार फरक परेको छ ।

मेशिन भाडाको दर

मेशिनको नाम	**कार्यालयले प्रयोग प्रतिघण्टा दर**	**जिल्ला दररेट अनुसार सडक बिभाग को प्रतिघण्टा प्रयोग हुनुपर्ने दर**	Note: skilled labour-**११३०** Unskilled labour-**९५०** Fuel- **१७५** (with vat) Koresene/ petrol- **१७५** (with vat)
Hydraulic Excavator	५१६४	३६००	

पालिकाले उल्लेखित दररेट प्रयोग गरी नरम माटो प्रतिधनमिटर रु. ९८.९८ , नरम चट्टान प्रतिधनमिटर रु. २९६.९३ र कडा चट्टान प्रति घनमिटर रु. १४९५ को दर विश्लेषण गरेको देखियो । उल्लेखित मेशिनको प्रतिघण्टा दर प्रयोग गर्दा उल्लेखित कटिङ्ग कार्यमा क्रमश नरम माटो प्रतिधनमिटर रु. ६९ , नरम चट्टान प्रतिधनमिटर रु. २०७ र कडा चट्टान प्रतिघनमिटर रु.११६९.०५ हुने भई सो कार्यको लागत अनुमान रु. २१००७५०७ तयार हुनुपर्नेमा रु.२४७२००२१ तयार हुन गएकोले कबोल अंक रु. २२८३०१२९। भन्दा रु.१८२२६२२ बढि हुन गई पालिकालाई थप व्ययभार परेको देखियो ।

यस सम्बन्धमा कार्यालयको भनाई सडक बिभागको उल्लेखित मिति भन्दा अगाडीको परिपत्र बमोजिमको पुरानो भाडा दर प्रयोग हुन गएको, पालिकाले उल्लेखित कार्य गर्दा भाडा दर प्रयोग भएता पनि सडक बिभागको नम्शको सेक्सन नम्बर ९०० मा भएको ब्यबस्था मा हार्ड रक कटिङ्ग कार्य गर्दा सो बाट निस्किएको मेटिरियल ५० % खपत हुने मानी सो सामान प्रयोग हुने गरी स्टक्चरको कार्य भएमा सो रकम घटाउने ब्यबस्था भएकोमा उल्लेखित कार्यमा स्टक्चरको कार्य हार्ड रक कटिङ्ग को १० प्रतिशत समेत नभएकोमा समग्रमा रेट कम गर्न ५० प्रतिशत प्रयोग हुने देखाई सो अनुसार दरमा कम गरिएकोले स्काभेटरको दर बढि देखिएता पनी प्रति धनमिटर दर ब्यालेन्स हुन गई लागत अनुमानमा वास्तविक हुने भन्दा कम नै देखिएकोले सो अनुसार कार्य गरेको भन्ने रहेको छ ।

तथापि थप खर्च हुने गरी लागत अनुमान तयार भएको नियमित नदेखिएको रु.

अनियमित भएको	१८,२२,६२२

५२ **निर्माण सामाग्री**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली ,२०७७ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरि वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्यसमेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नुपर्ने ब्यबस्था छ । पालिकालाई यू.एस.ए.आई.डि अन्तरगत कर्णाली खानेपानी आयोजनाको परियोजना खारेजी भई सो आयोजनाले पालिका भित्र संचालन गरेका आयोजनाको लागी खरिद गरेका रु. ३७०४५८८ मुल्य बराबरका निर्माण सामाग्री सिमेन्ट, पाईप,फिटिङ्ग सामाग्री लगायत सन् २०२५-०५-१८ मा पालिकालाई सम्झौता गरी हस्तान्तरण गरी बुझाएकोमा उल्लेखित ब्यबस्था अनुसार सामाग्री पालिकामा दाखिला भएको छैन । निर्माण सामाग्री जिन्सी आम्दानी गरी सम्बन्धित कार्यमा प्रयोग गरेको प्राबिधिक प्रतिबेदन पेश गर्नुपर्दछ ।

५३ **समिति मार्फत सोलार खरिद**

सार्वनजिक खरिद ऐन २०६३ को परिच्छेद २ मा खरिद कार्यको जिम्मेवारी र खरिद विधिबारे उल्लेख गरिएको छ । त्यस्तै खरिद नियमावली २०६४ मा मालसमान खरिद गर्दा लागत अनुमान बनाउने देखि खरिद कार्य सम्पन्न हुँदासम्मका प्रक्रियाहरुलाई स्पष्ट व्यवस्था गरेको देखिन्छ । साथै नियम ९७(1४) अनुसार श्रममुलक प्रकृतिको काम र उपनियम 10 बमोजिम उपभोक्ता समिति आफैले गर्नुपर्ने व्यवस्था छ । नियमावलीमा भएको उक्त व्यवस्थाले मुलतः श्रममूलक प्रकृतिको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिन्छ । तर कार्यालयले सोलार कार्यक्रम खरिद तथा बितरण उपभोक्ता समितिलाई गोश्वारा भौचर २३-०८१-८-१३ बाट गत बिगत बर्षमै खरिद गरिएका सोलार सामान खरिद बापत रु. २८८००००। रकम भुक्तानी गरेकोमा उपभोक्ता समितिले खरिद ऐन र नियमावलीले तोकेको उक्त प्रक्रियाहरु अपनाएको देखिदैन । यसरी प्रतिस्पर्धात्मक विधिहरु नअपनाउँदा अनुमानित दरमा नै समान आपूर्ति भएको देखिन्छ । समानको आपुर्तिकर्ताबाट उपभोक्ता समितिको नाममा बिजक जारी गर्ने तर समानहरु कार्यालयमा इन तथा आउट भएको नदेखिदा बिजकमा उल्लेखित समानहरु को गुणस्तरको स्तर कस्तो थियो कार्यालयले एकिन गरेको प्रमाण संलग्न गरेको देखीएन । सामान खरिद कार्य मात्र भएको देखीदा उपभोक्ता समिति मार्फत खरिद कार्य गरेको उपयुक्त देखिएन । कानुनको पालना गरी करिद कार्य मितब्ययी तथा पारदर्शि बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

५४ **झोलुङ्गे पुल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने र उल्लेखित लागत अनुमानमा ओभरहेड राख्न मिल्ने अबस्था देखिदैन । कार्यालयले रहगाड झोलुङ्गे पुल निर्माणको लागि बोलपत्रको माध्यमबाट सामान खरिद गरी एग्रो इन्जिनियरिङ्ग वर्कस प्रा.ली लाई भौचर नं १५८-०८२-२-१८ बाट रकम भुक्तानी गर्दा steel deck र Fabrication of steel parts मा रु. १४४०५७ ओभरहेड समावेश भई रु १८३३५०४ भुक्तानी गरेको छ । यसरी सामान खरिद कार्यमा ओभरहेड समावेश भई खरिद कार्य हुदा थप ब्ययभर परेको रकम नियमित नदेखिएको रु.

अनियमित भएको	१,४४,०५७

५५ **उपभोक्ता समितिको कार्य निर्माण ब्यबसायी मार्फत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिवाट गराइने कामको लागत अनुमान तयार गर्दा हेभी मेशिन प्रयोग गर्नुपर्ने उल्लेख भएको अवस्थामा त्यस्तो काम गर्ने निकायको सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरि त्यस्तो उपभोक्ता समिति लाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण ब्यबसायीलाई कालोसूचीमा राख्न सार्बजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने ब्यबस्था छ । साथै नियम ९७(१०) अनुसार उपभोक्ता समितिले आफुले लिएको काम अन्य निर्माण व्यवसायीहरु मार्फत गराउन पनि मिल्दैन । यसवर्ष कार्यालयले गोश्वारा भौचर नम्बर ५०-०८१-१०-२८ बाट धाचुँ देखी उच्छव सडक निर्माण उपभोक्ता समिति मार्फत सडक निर्माण कार्य गराई रु. १३८५९९६ भुक्तानी दिएको छ । सडक निर्माण कार्य गर्दा समितिले निर्माण ब्याबसायी एस.बि.एन कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स लाई दररेट माग गरी सो फर्मको बिजक नम्बर १९-०८१-१०-२० को रु. ११९९४०९ को बिल संलग्न गरी डोजर मेशिन प्रयोग गरी कार्य गरेको देखिएकोले उल्लेखित नियमको पालना भएको देखीएन । उल्लेखित नियम को पालना बेगर खर्च लेखेको रकम नियमित नदेखिएको रु.

अनियमित भएको	११,९९,४०९

५६ **स्पेशिफिकेशन**

सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । साथै नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधक स्पेशिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरिक्षण वा परिक्षण गर्नुपर्ने

व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार फर्मले आपूर्ती गरेका सामान स्पेसिफिकेसन अनुसार भए नभएको प्राविधिक नाप जाँच गरेको छैन । कानुनमा उल्लेखित ब्यबस्थाको पालना बेगर खरिद गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई खरिद कार्य गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका केहि उदाहरण देहायबमोजिम रहेका छन्।

भौ.नं.	**फर्मको नाम**	**बिबरण**	**रकम**
८-०८१-६-१८	अनरुपा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि	विपत जन्य सामाग्री (ग्यायबिन जाली,जस्ता पाता)	९९९२१५
६-०८१-६-१७	क्यूक कम्प्युटर सोलुसन	कम्प्युटर मेशिनरी सामान	७४७०४३
९७-०८१-१२-०६	क्यूक कम्प्युटर सोलुसन	कम्प्युटर मेशिनरी सामान	६३४२८७
२२४-०८२-३-०८	यजन ट्रेडर्स एण्ड अर्डर सप्लायर्स	रोजगारका उपकरण	८११०००
३४९-०८२-३-२३	एस.के.डि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स	रोजगारका सामाग्रि (सिमेन्ट, सरिया,जस्ता पाता लगायत)	१४०८४००

५७ आयोजना अनुगमन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रायजसो वडास्तरिय कार्यक्रम वडा अध्यक्ष र गाँउस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उपाध्यक्षको अध्यक्षतामा रहेको अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यति खर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सवै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ । साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

५८ बढी भुक्तानी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेट कायम गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उल्लेखित कानुनी ब्यबस्था अनुसार कालिकोट जिल्ला दररेट समितिले भाडामा लिईने मेशिन उपकरण सडक बिभागले जारी गरेको दररेट लाई आधार लिने उल्लेख गरेको देखिन्छ । सडक बिभागले इन्धन, बिधुत र श्रमिकको ज्याला थप गर्दा भाडाको प्रतिघण्टा दररेट कायम हुने गरी मिति २०७७-१२-३१ च.न ५०१-०७७।७८ मा Rate of plant and machinery for estimating Guideline जारी गरेको छ । कार्यालयले उल्लेखित ब्यबस्था अनुसार नगरी भाडाको रकम निम्नानुसार राख्दा यस बर्ष सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा मेशिन प्रयोग भएका आईटममा मेशिनभाडाको कारंणले फरक परेको छ।

मेशिन भाडाको दर

मेशिनको नाम	**कार्यालयले प्रयोग प्रतिघण्टा दर**	**जिल्ला दररेट अनुसार सडक बिभाग को प्रतिघण्टा प्रयोग हुनुपर्ने दर**	Note: skilled labour-११३० Unskilled labour-९५० Fuel- १७५(with vat) Koresene/ petrol-१७५ (with vat)
Hydraulio Excavato	५१६४	३६००	

उल्लेखित मेशिनको प्रतिघण्टा फरक दररेट कायम गर्दा कार्यालयले सडक बिभागको नम्स प्रयोग गरी कार्य गरेको सडक कटिङ्ग अन्तरगत को कार्यमा BMS cutting , soft rock and hard rock cutting को कार्य आईटमको मेशिन भाडाको दरबिश्लेषण गर्दा दर फरक परी प्रति धनमिटर दररेट बढि परेकोले निम्नानुसार उपभोक्ता तथा फर्मलाई रु.२४७५०३४ भुक्तानी हुनुपर्नेमा रु.३३७९७८८ भुक्तानी भई रु.९०४७५७ बढि भुक्तानी छ । बढि भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

भौ.नं. मिति	उपभोक्ता।फर्मको नाम	कामको बिबरण	भुक्तानी रकम	भुक्तानी हुनुपर्ने रकम	बढि भुक्तानी
५०-०८१-१०-२८	धाँचु देखी उच्छव सडक निर्माण उ.स	बाटो कटिङ्ग	१३८५९९६	९९२१९९	३९३७९७
३०३-०८२-३-२०	नन्दा माता निर्माण सेवा	बाटो कटिङ्ग तथा सफाई	९९७१३१	६८८७७८	३०८३५३
३९१-०८२-३-२५	एस.बि.एन कन्ट्रक्सन	बाटो कटिङ्ग	९९६६६१	७९४०५७	२०२६०४
	जम्मा		३३७९७८८	२४७५०३४	९०४७५४

कार्यालयको भनाईः सडक बिभागको उल्लेखित मिति भन्दा अगाडीको परिपत्र बमोजिमको पुरानो भाडा दर प्रयोग हुन गएको, पालिकाले उल्लेखित कार्य गर्दा भाडा दर प्रयोग भएता पनी सडक बिभागको नम्शको सेक्सन नम्बर ९०० मा भएको ब्यबस्था मा हार्ड रक कटिङ्ग कार्य गर्दा सो बाट निस्किएको मेटिरियल ५० % खपत हुने मानी सो सामान प्रयोग हुने गरी स्टक्चरको कार्य भएमा सो रकम घटाउने ब्यबस्था भएकोमा उल्लेखित कार्यमा स्टक्चरको कार्य हार्ड रक कटिङ्ग को १० प्रतिशत सम्म भएकोमा समग्रमा रेट कम गर्न ५० प्रतिशत प्रयोग हुने देखाई सो अनुसार दरमा कम गरिएकोले स्काभेटरको दर बढि देखिएता पनी प्रति धनमिटर दर ब्यालेन्स हुन गई लागत अनुमानमा बास्तबिक हुने भन्दा कम नै देखिएकोले सो अनुसार कार्य गरेको कार्यालयको भनाई रहेको छ ।

असुल गर्नुपर्ने	९,०४,७५४

५९ **ठेक्का नम्बर ०७-०८१-८२(छेपाडे खर्क देखी अछाम जिल्लाको सिमाना सम्मको अन्तर प्रदेश जोड्ने सडक निर्माण योजना)**

कार्यालयले **छेपाडे** खर्क देखी अछाम जिल्लाको सिमाना सम्मको अन्तर प्रदेश जोड्ने सडक निर्माण योजना कार्य गर्नका लागी रु.१६०१०४३४। को लागत अनुमान तयार गरी सबै भन्दा कम रु. ६५३९८८७। कबोक गर्ने(लागत को तुलनामा ५९.१५% घटि) श्री थ्री आर कन्स्ट्रक्सन लाई मिति २०८२-२-१९ मा सम्झौता गरी मिति २०८२-१२-१५ गत्ते सम्पन्न गर्ने गरी कार्य गर्न दिएकोमा भौचर नम्बर ३६४-०८२-३-२४ बाट प्रथम रनिङ्ग बिल रु. ९८२४१६। र मोबिलाईजेशन पेश्की रु. १०८२०००। समेत रु. २०६४४१६। खर्च गरेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्

५९.१ घटि कार्यसम्पादन जमानतः सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(४) बमोजिम कार्यसम्पादन जमानतको रकम दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेको अवस्थामा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा बढि घटेर कबुल गरेको अबस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटि कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने ब्यबस्था छ । उल्लेखित अबस्थाले फर्मले लागत अनुमान रु. १६०१०४३४। मा कबोल रु. ६५३९८८७ गर्दा कार्यसम्पादन जमानत रु. ३८६१४८४ दाखिला गर्नुपर्नेमा कृडि बिकास बैङ्क PB 215/9969/6585/25 को रु. ३४२०००० को मात्र दाखिला भएको देखिएकोले नपुग रु.४४१४८४ जमानत थप गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	४,४१,४८४

५९.२ मेशिन भाडाः सडक विभागबाट जारी भएको स्ट्याण्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (दोस्रो संशोधन २०७८ समेत) को सेक्सन ९०० मा माटो खन्ने कार्यको नम्श को ब्याबस्था छ । पालिकाले निर्माण कार्य सडक बिभागको नम्श बमोजिम कार्य गरेको छ । पालिकाले उल्लेखित सडक खण्ड को कटिङ्ग कार्य गर्न निर्माण ब्याबसायीलाई पालिकाको डोजर तेल बाहेक प्रतिघण्टा रु. ३००० का दरले उपलब्ध गराएकोमा फर्मले प्रथम रनिङ्ग बिल सम्म नरम माटो २२०१२.४ धनमिटर कटिङ्ग गरेकोमा सडक बिभागको उल्लेखित नम्श बमोजिम प्रतिघनमिटर कटिङ्ग को लागी स्काभेटेर ०.०१६६६ घण्टा (सेक्सन ९०५ Ia(B)) को दरले ३६६ घण्टा तथा नरम चट्टान ३५६.६३ धनमिटर कटिङ्ग गरेकोमा सडक बिभागको उल्लेखित नम्श बमोजिम प्रतिघनमिटर कटिङ्ग को लागी स्काभेटेर ०.०५ घण्टा (सेक्सन ९०५ IIa(B)) को दरले १७.८३ घण्टा समेत ३८३.८३ घण्टा प्रयोग हुने देखिन्छ । कार्यालयले सो कटिङ्ग कार्य गर्दा निर्माण ब्याबसायीलाई स्काभेटर ९० घण्टा चलेको उल्लेख गरी गोश्वारा भौचर नम्बर ३६९-०८२-३-२४ बाट रु.२८०००० मात्र बिल बाट कट्टा गरी पालिकामा आय प्राप्त गरेको छ । उल्लेखित कार्य गर्न नम्श अनुसार ३८३.८३ घण्टा प्रयोग हुने र सो को पालिकाको

दररेट अनुसार रु. ११५१४९४ आय प्राप्त गर्नुपर्नेमा रु. २८०००० मात्र आय प्राप्त भएकोले नपुग आय रु. ८७१४९४ सम्बन्धमा बास्तबिकता एकिन गरी असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८,७१,४९४

६० न्यूनतम दररेट

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री स्थानिय आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा जिल्ला दररेटलाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

६१ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले बजेट कार्यान्वियनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं.५०५) तयार नगरेको ।

• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।

• सम्पन्न आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने नगरेको ।

• आयोजना कार्यान्वयनमा पालिकाले गुणस्तर परीक्षण गर्ने गरेको भएतापनि आयोजना ठेक्कामा गुणस्तर आश्वस्तता योजना पेश गर्ने तथा गर्न लगाउने र सो अनुरुप गुणस्तर कायम भए नभएको मूल्याङ्कन नगरेको ।

• सम्झौता अनुसार कार्यसम्पन्न भई कार्य स्वीकार प्रतिवेदन जारी भएर त्रुटी सच्चाउने अवधि बाँकी भएका ठेक्काहरुको सम्बन्धमा अनुगमन गरी मर्मत गराउन लगाएको अभिलेखबाट देखिएन । यसबाट खरिद कानूनमा भएको त्रुटी सच्याउने अवधि सम्बन्धी व्यवस्थाको परिपालना सहि तवरले भएको छ भनी आश्वस्त हुन सकिएन ।

पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्याकंन कार्यलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ ।

६२ निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ। कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य अधिकांश योजनामा गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको स्पेक अनुसारको

आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।

६३ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।

यस कार्यालयले सडक निर्माण कार्य अन्तर्गत माटो कटान कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

६४ **बीमा गराउनुपर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा उपभोक्ताले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने कतिपए सम्झौतामा बिमाको व्यवस्था भएकोमा निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश गरेको देखिएन। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।

६५ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा वितरण नियमावली २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरणगरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ ।पालिकालाई यस वर्ष सामाजिक सुरक्षा तर्फ रु. १२ करोड ११ लाख ८८ हजार ९४३ बजेट विनियोजन भएकोमा सबै रकम खर्च भएको देखिन्छ ।यस सम्बन्धमा देखिएका बेहोरा निम्न छन्

६५.१ निष्कृय खाताको विवरण- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राही को विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ ।लेखापरिक्षण अवधिभर सो सम्बन्धित विवरण माग गर्दा उपलब्ध हुन नसकेकोले निष्कृय खाताको अवस्था एकिन हुन सकेन ।

६५.२ अनुगमन तथा निरीक्षण सम्बन्धि व्यवस्था- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७(३) गाउपालिका प्रमुखले वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नु पर्ने व्यवस्था भएता पनि गाउपालिकामा यस प्रकारको अनुगमन तथा निरीक्षण गरीएको अभिलेख देखिएन ।कार्यविधिले गरेको व्यवस्था अनुसार सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको नियमित अनुगमन तथा निरीक्षण गरिनु पर्दछ ।

६५.३

पारदर्शिता कायम गर्नु पर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। गाउपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राख्नु पर्नेमा राखेको छैन् । सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नरहरीनाथ गाउँपालिका, कालिकोट , नरहरिनाथ गाउँपालिका , कालिकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	युवराज पौडेल	२०८०-५-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	रमेश के सी	२०७६-९-१०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०३४,९९१	५,७६४,८८५	२,८९२,३६६	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					९,६९२,२४२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९,६९२,२४२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४४१५१४४०	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३५०२७८२८६	चालु खर्च	३३२९१३११५
प्रदेश सरकारबाट अनुदान	५६७१८०२१	पूँजीगत खर्च	१३७४१७०१२
राजश्व बाँडफाँट	८८९४६९१५	वित्तीय/अन्य व्यवस्था	१९२१९६९२६
आन्तरिक आय	३९१९३२७.०		
अन्य आय	१४७५०४५८१		
कुल आय	६४७३६७१३०.०	कुल खर्च	६६२५२७०५३
बाँकी मौज्दात		२८९९१५१७	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरिएका विषय
1	आन्तरिक आय	राजस्व तथा आन्तरिक आय
2	चालु तथा प्रशासनिक खर्च	अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च,तालिम र कार्यक्रम खर्च ,विविध खर्च (अतिथि सत्कार लगायत),चालु खर्च (ईन्धन, मर्मत र घरभाडा),सेवा र परामर्श खर्च तथा अन्य करार सेवा शुल्क,तलब भत्ता खर्च र पदाधिकारीको सुविधा
3	पालिका पुँजिगत खर्च	सोझै खरिद तथा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद,अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य ,परामर्श सेवा,कन्टिन्जेन्सी खर्च ,खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी
4	सामाजिक सुरक्षा भत्ता	सामाजिक सुरक्षा भत्ता वितरण
5	प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार	रोजगार कार्यक्रम
6	विविध	विविध
7	संघीय र प्रदेशतर्फको चालु खर्च	शिक्षा तर्फ,स्वास्थ्यतर्फ,तालिम र कार्यक्रम खर्च ,कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम

बेरुजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -३

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीकोविवरण	पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम	चालु आ. व.			गत आ.व.सम्मको			जम्मा बाँकी पेश्की		
					म्याद ननाघेको		म्याद नाघेको	म्याद ननाघेको		म्यादनाघेको	म्याद ननाघेको	म्यादनाघेको	जम्मा
					रकम	फछ्र्यौटको अन्तिम म्याद		रकम	फछ्र्यौटकोअन्तिम म्याद				
१	२	३	४	५	९	१०	११	१२	१३	१४	१५=(९+१२)	१६=(११+१४)	१७=(१५+१६)
१	संस्थागत												
१	०४/०१/२०८१	१	विश्वकुना-पिपलरुख-थाडिमाडु-उच्छवरामारोशन पर्यटकीय मार्ग(क्रमागत)समपुरक अनुदान	कौशिक नन्दामाता जे.भी.	०		०	०	२०८२/०३/३२	२६,००,०००.००	०	२६,००,०००.००	२६,००,०००.००
२	०४/०१/२०८१	१४२	करारसेवा शुल्क गाउँपालिका तथा वडा अन्तर्गत	नेपालपत्रकार महासंघ	०		०	०	२०८२/०३/३२	३,००,०००.००	०	३,००,०००.००	३,००,०००.००
३	११/२१/२०८१	६५	गाउँपालिकाकेन्द्र देखि वडा नं.४ र ५ जोडने सडक खण्ड निर्माण	श्री नन्दमाता / चिरन्जिवि जे. भि.	२२,८५,०००.००	०७/३०/२०८२	०	०		०	०	२२,८५,०००.००	२२,८५,०००.००
४	०२/२७/२०८२	१८५	गाउँपालिकाकेन्द्र देखि वडा नं.४ र ५ जोडने सडक खण्ड निर्माण	श्री नन्दमाता / चिरन्जिवि जे. भि.	२२,८५,०००.००	१०/०१/२०८२	०	०		०	०	२२,८५,०००.००	२२,८५,०००.००
५	०३/०५/२०८२	१९९	छेपाडेखर्कदेखि अछाम जिल्लाको सिमाना सम्मको अन्तर प्रदेश सडकनिर्माण	थ्रीआर कन्स्टक्सन	५,७८,०००.००	०४/०८/२०८२	०	०		०	५,७८,०००.००	०	५,७८,०००.००
जम्मा					५,७८,०००.००		४५,७०,०००.००	०		२९,००,०००.००	५,७८,०००.००	७४,७०,०००.००	८०,४८,०००.००
२	उपभोक्तासमिति												
१	०४/०१/२०८१	१	साझेदारीपुजिगत	निपानेखोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति नरहरिनाथ ७	०		०	०	२०८२/०३/३२	३,०७,०००.००	०	३,०७,०००.००	३,०७,०००.००
२	०४/०१/२०८१	२०	साझेदारीपुजिगत	निपानेखोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति नरहरिनाथ ७	०		०	०	२०८२/०३/३२	३,०७,०००.००	०	३,०७,०००.००	३,०७,०००.००

जम्मा	०		०	०		६,१४,०००.००	०	६,१४,०००.००	६,१४,०००.००
कुलजम्मा	५१,४८,०००.००		०	०		३५,१४,०००.००	५,७८,०००.००	८०,८४,०००.००	८६,६२,०००.००

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।